सिविन–नेपाल र प्लान नेपालको साझेदारीमा प्रकाशित

# बाल सरोकार

Child Concerned

नेपाली मासिक ई-पत्रिका

वर्ष २, अंक ८, जेठ २०६५, काठमाण्डौ

## यस अंकमा......

१. सम्पादकीय

२. स्थिति विश्लेषणः शिक्षा र स्वास्थ्यको सवाल

३. बालबालिकामाथि दुर्व्यवहार

४. गतिविधि

५. तथ्य

## महिनाको तस्वीर...



पढी, लेखी, ज्ञानी बन्न हामी स्कूल आउने
कापी, कलम, किताब भने हाम्ले कहिले पाउने ?

*सम्पादकीय :*

# पूर्वाधार विनाको भर्ना अभियान

यस वर्षको विद्यालय भर्ना अभियान सकिएको छ । सुरुमा बैशाख २५ गतेसम्म तोकिएको सो अभियान संविधान सभाको निर्वाचनका कारण ओभ्हेलमा परेको भन्दै बैशाख ३० गतेसम्म बढाइएको थियो । यद्यपि, यस अवधिमा पनि विद्यालयमा भर्ना अभियानले अपेक्षा गरिएअनुसार गति लिन सकेन । यसका पछाडि थुप्रै कारणहरु देखा परेका छन् । खासगरी, विद्यालय भर्ना अभियानसँग विद्यालयमा पाठ्यपुस्तकको अभाव प्रमुख रुपमा यस अभियानलाई बाधक सिद्ध भयो ।

बैशाख महिना नयाँ शैक्षिक सत्र सुरु हुने महिना हो । यस अगावै विद्यार्थीहरुको हातमा पाठ्यपुस्तक पुग्नुपर्दथ्यो । यद्यपि, बैशाखको अन्तिमसम्म पनि पाठ्यपुस्तक पुग्न सकेको छैन । यसले विद्यार्थी र अभिभावकहरुमा समेत प्रसस्त अन्यौल सिर्जना गरेको छ । एकातिर सबैको लागि शिक्षा भन्ने नाराका साथ सरकारले विद्यालय भर्ना अभियानलाई अगाडि बढाएको छ भने अर्कोतिर सोही अभियानलाई सार्थक बनाउनको लागि आवश्यकपर्ने पाठ्यपुस्तकलाई समयमा नै विद्यालयसम्म पुऱ्याउन नसक्नु सरकारको कमजोर पक्ष देखा परेको छ ।

पाठ्यपुस्तकको सहज उपलब्धता हुँदा त अभ्हैसम्म पनि सबै बालबालिकालाई विद्यालयमा भर्ना गर्न सकिएको स्थिति छैन हाम्रो सामु भने, पाठ्यपुस्तकको अभावमा कसरी बालबालिकालाई विद्यालयमा भर्ना सकिएला ? गम्भीर प्रश्न उब्जिएको छ अहिले । समयमा नै पाठ्यपुस्तक विद्यार्थीहरुको हातमा पुऱ्याउन नसक्नुमा धेरै कारण हुन सक्दछन् । यद्यपि, कारणहरु जे जस्ता भएतापनि बालबालिकाले शिक्षा आर्जन गर्न पाउने अधिकारलाई कुनै पनि हालतमा उल्लंघन गर्न मिल्दैन । अहिलेको अवस्था सिर्जना हुनुमा पाठ्यपुस्तक बिना शैक्षिक सत्र सुरु गर्ने सरकारी निकाय र पूर्वाधार विना भर्ना अभियान सुरु गर्ने शिक्षा मन्त्रालयले यसको नैतिक जिम्मेवारी लिनुपर्दछ । बालबालिकाको शिक्षा पाउने अधिकारलाई कसैले पनि कमजोर बनाउन हुँदैन । यदि,यसो गरियो भने भोलि देशको भविष्य नै अन्यौलमा पर्न सक्दछ । ❒




# बालबालिकाको शिक्षा र स्वास्थ्यको सवाल

"सबैको लागि शिक्षा" भन्ने मूल नाराका साथ सरकारले शिक्षा क्षेत्रको विस्तार गरी विशेष महत्व दिँदै आएको छ। वि.सं. २०४८को जनगणनाअनुसार कूल जनसंख्याको ५४.१ प्रतिशत साक्षरता रहेको अवस्थामा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धतालाई पूरा गर्न सरकारले औपचारिक तथा अनौपचारिक शिक्षालाई जोड दिँदै आएको छ। यस बमोजिम शिक्षा विकास योजनालाई तत्कालीन, मध्य-आवधिक र दीर्घकालीन गरी तीन स्तरमा वर्गीकरण गरिएको छ। सोअनुसार तत्कालीन योजना रणनीतिका लक्ष्यलाई परिपूर्ति गर्न आधारभूत प्राथमिक शिक्षा परियोजनालाई महत्वपूर्ण राष्ट्रिय कार्यक्रमका रुपमा लिइ कार्यान्वयन हुँदै आएकोमा उक्त रणनीतिलाई समेत मूल्याङ्कन गरी मध्म-आवधिक (२००५-२०१२) रणनीति तयार गरिएको छ। जुन रणनीतिमा सिसुस्याहार केन्द्र, गणात्मक, निःशुल्क र अनिवार्य प्राथमिक शिक्षा, विद्यालय स्वागत तथा विद्यालय भर्ना अभियान राखी कार्यान्वयनमा ल्याइएको छ। यसले गर्दा प्राथमिक तहमा बालबालिकाको भर्नादर उल्लेख्य बृद्धि भइ प्राथमिक विद्यालयमा खुद भर्नादर ८७.४ पुगेको छ। विद्यालय जाने उमेरका बालबालिका मध्ये छात्राको प्रतिशत ४८, आदिवासी जनजातिको करिव ३८ प्रतिशत, दलितका १८ प्रतिशत र अपाङ्गका १ प्रतिशत रहेको देखिन्छ। सरकारी र निजी गरी कूल विद्यालय सख्या २८,०२६ पुगेको छ। प्राथमिकस्तरमा शिक्षिकाको अनुपात ३०.६, दलितका २.५ र जनजातिका १७.८ रहको छ। मुलुकको कूल साक्षरता ५३.७ प्रतिशत छ भने महिला साक्षरता ४२.५ प्रतिशत रहको छ। साक्षरता लैङ्गिक समता सूचकाङ्क दशौं योजनाको अन्त्यसम्म ०.८ पुऱ्याउने लक्ष्य राखिएकोमा ०.६१ पगेको छ। अझै करिब १३ प्रतिशत बालबालिकाहरु प्राथमिक शिक्षाबाट वञ्चित रहेको देखिन्छ। विद्यालय र उच्च शिक्षामा सबै लिङ्ग, वर्ग र क्षेत्रका छात्रछात्राहरुको समान पहुँच पुग्न सकेको छैन। कक्षा दोहाऱ्याउने दर र बीचम कक्षा छाड्ने दर बढी छ भने उत्तीर्ण हुन दर सन्तोषजनक छैन। हरेक तहका शिक्षामा छात्रछात्राको पहुँच बृद्धि भइरहेको देखिएपनि गरिब, दलित खासगरी मधेशका दलित र आदिवासी जनजातिको भर्नादर न्यून रहेको छ। यस साथै मुलुकमा हाल सञ्चालनमा रहेका विश्वविद्यालयहरु ५ वटा छन्।

"स्वास्थ्य जनताको आधारभूत अधिकार"को विश्वव्यापी मान्यतालाई नेपालले स्वीकार गरेर अन्तरिम सविधान,२०६३ले यो अवधारणालाई आत्मसात गरी नेपाली नागरिकको स्वास्थ्यप्रतिको राज्यको दायित्वलाई ऐतिहासिक रुपमा पहिलोपल्ट स्थापित गरेको छ। स्वास्थ्य क्षेत्रमा भएका नीतिगत, कार्यगत तथा संस्थागत सुधारका कारण स्वास्थ्य सेवामा जनताको पहुँच बढ्दै गएको छ। क्षेत्रीय, अञ्चल, जिल्लास्तरीय अस्पतालदेखि हरेक गाउँ विकास समितिमा स्वास्थ्य संस्था सञ्चालन भइरहेका छन्। यसको परिणामस्वरुप, नेपाल जनसाख्यिक तथा स्वास्थ्य सर्वेक्षण, २०६४ अनुसार मातृ मत्युदर प्रति एक लाखमा २८१, बाल मृत्यदर प्रति हजारमा ६१, शिशु मृत्युदर प्रति हजारमा ४८ र नवजात शिशु मत्युदर प्रति हजारमा ३४ पुगेको छ भने नेपालीको औसत आयू ६२ वर्ष पुगेको छ। यसमा पुरूषको भन्दा महिलाको औसत आयु बढी रहेको छ। स्वास्थ्य क्षेत्रको सुधारका लागि राष्ट्रिय स्वास्थ्यनीति तथा अन्य उपक्षेत्रगत नीतिहरु कार्यान्वयनमा रहका छन्। आयूर्वेदिक स्वास्थ्य सेवा लगायत अन्य वैकल्पिक स्वास्थ्य सेवाको विस्तार भइरहेको छ। बालबालिकाको पोषणको स्थितिका सम्बन्धमा वि.स २०५८ सालको तुलनामा वि.स २०६४ सालमा उमर अनुसारको उचाइ नपुग्ने (पुडको) प्रतिशत ५७ बाट घटी ४९, उचाइ अनुसार वजन नपुग्ने प्रतिशत ११ बाट बढी १३ र उमेर अनुसारको वजन नपुगेकामा ४३ बाट घटी ३९ पुगको छ। तथापि स्वास्थ्य सस्थाहरुको कमजोर भौतिक अवस्था तथा स्वास्थ्यकर्मी, औषधी र उपकरणको कमीका कारण जनतालाई आवश्यक एवं गुणस्तरीय स्वास्थ्य सेवा सहजरुपमा पुऱ्याउन सकिएको छैन।

बालबालिकाको जीवन बचाउको निम्ति अत्यन्त महत्वपूर्ण भूमिका खेल्ने खोप सेवाको विस्तार हुँदै गएको देखिन्छ। खासगरी खोप सेवाप्रति आम जनमानसमा सचेतता र चासो बृद्धि हुँदै गएको छ। त्यसो त सरकारले समेत यस बिषयलाई प्रमुखताका साथ अगाडि बढाएको छ। फलतः राष्ट्रिय खोप अभियान अन्तर्गत देशका अधिकांश जिल्लाहरुमा यसलाई विस्तार गर्दै आएको छ। परिणाम स्वरुप सन् १९९६ मा ३६ प्रतिशत बालबालिकाले पोलियो थोपा खुवाइएकोमा सन् २००१ मा आइपुग्दा यसमा बृद्धि भएर ६७ प्रतिशत पुगेको थियो भने हाल करिब ९० प्रतिशत बालबालिकामा यो सेवा पुगेको राष्ट्रिय योजना आयोगको तथ्याङ्कले देखाएको छ। त्यसको साथै विगत केही वर्षयता यसमा सकारात्मक सुधार समेत हुँदै गएको अध्ययनले देखाएको छ। त्यस्तैगरी डिपिटी खोप पाउने बालबालिकाको संख्या ५१ प्रतिशतबाट बढेर ७१ प्रतिशत पुगेको छ भने विसिजी खोप सुविधा पाउने बालबालिकाको संख्या ७३ प्रतिशतबाट बढेर ८३ प्रतिशत पुगेको देखिन्छ। यसबाट खोप सेवामा बालबालिकाको पहुँचमा सकारात्मक

सुधार भएको देखिन्छ । स्वस्थ बालबालिकाले स्वस्थ समाजको प्रतिनिधित्व गर्दछन् । त्यसैले बालबालिकालाई स्वस्थ र समुन्नत बनाउनु बालस्वास्थ्य नीतिमा समेत उल्लेख गरिएको पाइन्छ । हाम्रो सन्दर्भमा कुरा गर्दा बालबालिकाको स्वास्थ्यको सवाल भनेको हाम्रो भौगोलिक अवस्था, हावापानी, सामाजिक रीतिरिवाज र दृष्णिकोण एवं आर्थिक विकाससँग पनि जोडिएको पक्ष हो ।

सन् २००१ को राष्ट्रिय जनगणनाअनुसार १४ वर्षमुनिका बालबालिकाको संख्या कूल जनसंख्याको ३९ प्रतिशत रहेको छ । त्यसको साथै करिब ८५ प्रतिशत जनसंख्या ग्रामीण भेगमा बसोबास गर्दछन् भने झण्डै ४० प्रतिशत बालबालिकाहरु कुपोषण लगायतका विभिन्न रोगहरुबाट ग्रसित हुने गरेका छन् । नेपालमा रोकथाममूलक रोग झाडापखालाबाट अझैसम्म पनि ३२ प्रतिशत बालबालिकाको मृत्यु हुने गरेको पाइन्छ । सरकारले सबैको लागि स्वास्थ्य भन्ने मूल नाराका साथ प्राथमिक स्वास्थ्य सेवामा ध्यान केन्द्रित त गरेको देखिन्छ । यद्यपि, स्वास्थ्य संरचनाको अभाव, स्वास्थ्य क्षेत्रमा आवश्यकीय जनशक्तिको अभाव तथा सीमित श्रोत र साधनले पनि यसलाई प्रत्यक्ष रुपमा प्रभाव पारिरहेको देखिन्छ । त्यसमाथि हाल भएका स्वास्थ्य सेवा पनि अधिकांश राजधानी वा सुविधा सम्पन्न शहरी क्षेत्रमा मात्र सीमित भएका कारण स्वास्थ्य क्षेत्रमा सीमान्तकृत जनताको सहजै पहुँच पुग्न सकेको छैन । अधिकांश ग्रामीण जनताहरुले स्वास्थ्य चौकी समेत देखेका छैनन् भने करिब ७० प्रतिशत शिशुको जन्म बिना तालिम प्राप्त सुँडेनीको निगरानीमा हुने गरेको छ ।

सन् २००१ को जनगणना अनुसार नेपालको कूल जनसंख्यामा महिलाहरुको संख्या ५१ प्रतिशत भएतापनि १६ वर्षमुनिका बालबालिकाहरुमा भने ४९ प्रतिशत मात्रै रहेको छ । उपरोक्त तथ्याङ्कअनुसार सामान्यतया बालिकाहरुको संख्या पहिलो र दोश्रो पाँच वर्षमा बालकहरुको तुलनामा कम भएतापनि तेश्रो पाँचवर्षपछि बालिकाहरुको जनसंख्या बालकहरुको तुलनामा विस्तारै बढ्दै गएको देखिन्छ । नेपाल एउटा परम्परागत र पितृसत्तात्मक समाज भएको कारण यहाँ छोरा र छोरीबीचको विभेद हरेक क्षेत्रमा विद्यमान भएको देखिन्छ । तर सन् १९९० मा प्राप्त प्रजातन्त्र र त्यसपछाडि देशमा मानवअधिकारको क्षेत्रमा निरन्तर बढिरहेको जन जागृतिले गर्दा बालिकाहरुको स्थितिमा विगतभन्दा केही सुधार भएको देखिन्छ । तरपनि बालश्रम, बालविवाह, कुपोषण र अशिक्षाको कारण बालकहरुको तुलनामा बालिकाहरुको विकासको स्थिति कमजोर रहेको देखिन्छ । नेपालमा ६५ प्रतिशत साक्षर बालकहरुको तुलनामा ४२ प्रतिशत मात्र बालिकाहरु साक्षर रहेका छन् । त्यस्तै हाम्रा बालिकाहरु बालविवाह, यौनशोषण र दुर्व्यवहार, बुहार्तन, व्यावसायिक यौनशोषणको निम्ति ओसारपसार जस्ता सामाजिक समस्याहरुबाट पीडित हुनपुगेका छन् । देशमा ८-९ वर्षदेखि भइरहेको सशस्त्र द्वन्द्वको कारण पनि कैयन बालबालिकाहरु जोखिम र अप्ठ्यारामा परेका छन् । यतिञ्जेल मारिएका करिब १० हजारको संख्याका मानिसहरुमा करिब ३०० बालबालिकाहरु र तिनीहरुमध्ये करिब १०० जना बालिकाहरु परेको देखिन्छ । सशस्त्र द्वन्द्वको दौरान विस्थापित र प्रभावित हजारौ बालबालिकाहरुमा बालिकाको संख्या पनि यथेष्ट रहेको देखिन्छ ।

बालिकाहरुको शोषण र उत्पीडनको मूल कारक तत्व भनेको पितृसत्तात्मक सामाजिक संरचना र त्यसमा आधारित अन्धविश्वास र सामाजिक रुढीवाद हो । जसले गर्दा अहिलेपनि कैयन मानिसहरु छोरीलाई छोरा सरह समान ढङ्गले व्यवहार गर्दैनन् । उनीहरुलाई अहिलेपनि हाम्रो घरपरिवार, पानी पँधेरी र दाउरा घाँसको निम्ति सबैभन्दा क्रियाशील जनशक्तिको रुपमा लिन सकिन्छ । यसबाहेक बालिकाहरु आफ्ना भाइबहिनीहरुलाई स्याहार्न, आमालाई सघाउन र चुलो-चौका गर्न सबैभन्दा महत्वपूर्ण सहयोगीको भूमिका निर्वाह गरिरहेका छन् । तर गाउँघरहरुमा अहिलेपनि छोरीहरुलाई छोरा सरह शिक्षा प्रदान गर्ने चलन प्रभावकारी हुन सकेको छैन ।

समयको परिवर्तनसँगै बालअधिकारको बिषयमा हाम्रो समाज अब विस्तारै सलबलाउन थालेको छ । सन् १९८९ मा पारित बालअधिकार सम्बन्धी महासन्धिले बालिकाहरुको बालक सरहको अधिकार पैरवी गर्न थाल्यो भने "महिलाविरुद्ध हुने सबैप्रकारको विभेदविरुद्धको महासन्धि"ले न्याय, समानता र स्वतन्त्रताको कुरालाई जबरदस्त उठाउन थालेको छ । खासगरी सन् १९९५ मा पारित "बेइजिङ्ग घोषणापत्र तथा कार्यनीति" र त्यसको कार्यान्वयन सम्बन्धी अनुगमन र समीक्षाले बालिकाहरुको हक अधिकारलाई सवल बनाउन सहयोग मिलेको छ । हालका वर्षहरुमा भइरहेका किशोरी शिक्षा तथा किशोरीको समूह गठन गरी सामाजिक परिचालन गरिएका कारण बालिकाअधिकार अभियानले सामाजिक रुपान्तरणको क्षेत्रमा योगदान भइरहेको महसुस गरिएको छ । तर समाजमा जबसम्म बालिकाविरुद्ध परिलक्षित हिंसा, यौनशोषण, देहव्यापार, बालविवाह, बालश्रमशोषण र बालदासता जस्ता कुराहरुमा उल्लेख्य न्यूनता आउन सक्दैन, तबसम्म बालिकाहरुलाई सामाजिक रुपान्तरणको अंशको रुपमा विकास गर्न सजिलो हुनेछैन ।

**- विमलकुमार थापा**

# बालबालिकामाथि बढ्दो दुर्व्यवहार

सुर्खेत, सालकोट गाविस ६ का ३३ वर्षीय खम्बे विकले श्रीमती माइती गएको समयमा ११ वर्षीया छोरीलाई जबरजस्ती करणी गरेको आरोपमा जिल्ला प्रहरी कार्यालयको हिरासतमा छन् । त्यसो त, ८ वर्षीया एक बालिकालाई धादिङका २२ वर्षीय चन्द्रबहादुर तामाङले ललाइफकाई नजिकैको फिलिङ जंगलमा लगि बलात्कार गरी हत्या गरेको अभियोगमा पक्राउ गरिएको छ ।

माथि उल्लेखित घटनाहरु बालबालिकामाथि गरिएका यौन दुव्यवहारका केही प्रतिनिधि घटनाहरु मात्रै हुन् । यस्ता घटनाहरु दिनहुँजसो विभिन्न सञ्चार माध्यममा प्रकाशमा आइरहेका छन् । महिला तथा बालबालिका माथि हुने विभिन्न खालका हिंसा मध्ये बलात्कार एक जघन्य अपराध हो । बलात्कार जुन सुकै ठाउँमा, जुनसुकै समयमा र शिशुदेखि बृद्धासम्म हुने गरेको पाइएको छ । हाम्रो समाजमा व्याप्त सामाजिक–आर्थिक अस्थिरता, अन्यौल अनि लैङ्गिक विभेद र पितृसत्तात्मक समाजले यस अपराधलाई अझ बढी पोसेको छ भन्न सकिन्छ ।

देशको सुरक्षा व्यवस्था नाजुक हुँदै गएका बेला महिलामाथि बलात्कारका घटनामा तीब्र बृद्धि भएको एक प्रतिवेदनले देखाएको छ । सर्वोच्च अदालतको वार्षिक प्रतिवेदन अनुसार ०६३/६४ मा बलात्कारको अभियोगमा मुद्दा दर्ता गर्नेको संख्या उल्लेख्य रुपमा बढेको छ ।

यस वर्ष देशभरका जिल्ला अदालतमा ७ सय ९ जनाले बलात्कारको अभियोग लगाई मुद्दा दर्ता गरेका छन् । सर्वोच्चमा १ सय ५० र पुनरावेदन अदालतमा २ सय ४१ बलात्कारका मुद्दा दायर गरिएको छ । सबैभन्दा बढी मुद्दा काठमाडौं र झापामा दर्ता भएका छन् । काठमाडौंमा १०८ र झापामा ८० जनाले बलात्कारको अभियोगमा मुद्दा दर्ता गराएका छन् । त्यसपछिको सबैभन्दा बढी मुद्दा दर्ता गरिएको जिल्ला सुनसरी हो । सुनसरीका ६३ जनाले यस्तो मुद्दा दर्ता गरेका छन् ।

सिविन नेपालले गरेको पत्र–पत्रिका सर्वेक्षण अनुसार विगत ५ वर्षमा हरेक वर्ष दुईसय भन्दा बढी महिला तथा बालबालिकाहरु बलात्कारको शिकार हुने गरेका छन् । जसअनुसार सामूहिक बलात्कार भन्दा व्यक्तिगत बलात्कारका घटनाहरु बढी हुने गरेका छन् । बालबालिकालाई विभिन्न किसिमको प्रलोभन देखाई वा डर, धम्की, त्रास देखाई बलात्कार हुने गरेको छ । सन् २००५ र २००६ मा हाडनाता करणी र बलात्कर पछि हत्या गरेका घटना केही कम भए पनि सन् २००७ मा यसमा बृद्धि भएको देखिन्छ ।

सिविन स्रोत तथा सुचना केन्द्रले संकलन गरेको सर्वेक्षण अनुसार सन् २००७ मा २०१ वटा बलात्कारका घटनाहरु रेकर्ड गरेका छन् । जसमा २०१ वटा घटना अर्थात ६०.६९ प्रतिशत घटनाहरुमा १६ बर्ष मुनिका बालबालिकाहरु पीडित भएका छन् । जसमध्ये २१.३९ प्रतिशत घटनाहरुमा १० वर्ष मुनिका बालबालिकाहरु रहेका छन् । यसैगरी, ५६.२१ प्रतिशत घटना व्यक्तिगत बलात्कारका थिए भने, ३०.३४ प्रतिशत घटनाहरु समूहगत बलात्कारका थिए । त्यसैगरी, हाडनाताकरणी गरिएका घटना यस वर्षमा विगतको तुलनामा बृद्धि भएको छ । गत वर्ष यो संख्या ६.२२ प्रतिशत थियो भने यस वर्ष ९.९५ प्रतिशत पुगेको छ । त्यसैगरी बलात्कार गरी हत्या

गरिएका घटनाहरुमा पनि यस वर्ष बृद्धि भएको छ । गत वर्ष यो संख्या ४.३० प्रतिशत थियो भने यो वर्ष ६.९६ प्रतिशत रहेको छ । १६ बर्ष मुनिका बालबालिका माथि हुने बलात्कारका घटनाहरुमा भने यसवर्ष केही कमी आएको देखिन्छ । गत वर्ष यो संख्या ६६.२२ प्रतिशत थियो भने यस वर्ष ५६.२१ प्रतिशत रहेको छ ।

जिल्लागत अनुसार, यसवर्ष सुनसरी जिल्लामा सबैभन्दा बढी बलात्कार घटना घटेका छन् । त्यसपछि मोरङ, उदयपुर, रौतहट, झापा, सप्तरी सिराहामा अरु जिल्लाको तुलनामा बढी बलात्कारका घटना घटेका छन् । पीडित बालबालिकामा ४ वर्षकी बालिका समेत बलात्कारको शिकार भएकी थिइन् ।

मुलुकी ऐनको जबरजस्ती करणीको महल अनुसार १० वर्ष मुनिका बालिका भए १०–१५ कैद, १० देखि १३ वर्षकी बालिका भए ८–१२ वर्ष कैद, १४ देखि १५ वर्षकी भए ६–१० वर्ष कैद, १६ देखि १९ वर्षको भए ५–८ वर्ष कैद र नाबालिकाको संवेदनशीलतालाई हेरी थप एक वर्ष सजाय हुन सक्ने व्यवस्था छ । यद्यपि, समाजमा यस्ता घटनाहरु घटिनै रहेका छन् ।

*प्रस्तुती : अञ्जना प्रधान, सिविन सूचना तथा श्रोत केन्द्र*


**बालअधिकार सम्बन्धी सम्पूर्ण जानकारीका लागि पाक्षिक रेडियो पत्रिका**

**बाल चौतारी**

**आइतबार बेलुकी ६ देखि ६.४५ बजेसम्म**

**रेडियो सगरमाथा एफ.एम १०२ थोप्लो ४ मेगाहर्जमा**

**अवश्य सुन्नुहोस्**


*गतिविधिहरु*

## बालसंरक्षण नीति सम्बन्धी अवधारणापत्र हस्तान्तरण




काठमाण्डौ बास–केन्द्रीय बालकल्याण समितिको पहलमा तयार हुन लागेको राष्ट्रिय बालसंरक्षण नीतिमा बालबालिकाको सम्मानजनक व्यवस्था हुनुपर्नेमा यस क्षेत्रमा क्रियाशील अधिकारकर्मीहरुले जोड दिएका छन् । बालबालिकाको अधिकार र उनीहरुमाथि हुने दुर्व्यवहारमा समेत न्यूनीकरण गर्ने खालका बिषयबस्तुहरु नीतिमा समावेश हुनुपर्नेमा समेत जोड दिइएको छ ।

उक्त कुरा हालै सिविन नेपालले राष्ट्रिय बालसंरक्षण नीतिका सम्बन्धमा तयार पारेको अवधारणा हस्तान्तरण कार्यक्रममा सहभागीहरुले यस्तो धारणा राख्नुभएको हो । सो कार्यक्रममा सिविन नेपालकी कार्यकारी संयोजक सुम्निमा तुलाधरले–"अब बन्ने बालसंरक्षण नीतिमा बालअधिकारको पूर्ण रुपमा ग्यारेण्टी हुनुपर्ने बताउनुभयो ।"कार्यक्रममा सिविनका अध्यक्ष माधव प्रधानले संस्थाले तयार गरेको अवधारणापत्रका केन्दीय बालकल्याण समितिका कार्यकारी निर्देशक धर्मराज श्रेष्ठलाई हस्तान्तरण गर्नुभएको थियो ।

# पुनर्ताजगी तालिम

**लिवाङ रोल्पा बास**–सिविन–नेपाल तथा जिल्ला शिक्षा कार्यालय रोल्पाको संयुक्त आयोजनामा ३ दिने सामुदायिक मनोसामाजिक कार्यकर्ता पुनर्ताजगी तालिम हालै सम्पन्न भएको छ । सिविनका १० वटा कार्यक्षेत्र गाउँ विकास समितिमध्ये ७ गाउँ विकास समितिका १४ जना शिक्षक/शिक्षिका सहित १५ जनाको सहभागिता रहेको उक्त तालिममा बालबालिकाहरुलाई गुणस्तरीय शिक्षा प्रदान गर्न मनोसामाजिक स्याहारको आवश्यकता बिषयमा छलफल केन्द्रित गरिएको थियो । कार्यक्रममा झक्कुप्रसाद आचार्य र विजयशरण आचार्यले बालबालिकाको भर्ना, मनोशिक्षा, विद्यालय भय तथा विद्यालयमा आधारित मनोसामाजिक स्याहारका बारेमा पनि छलफल गर्नुभएको रोल्पाबाट सहकर्मी तिलोत्तम पौडेलले जानकारी दिनुभयो ।

***तथ्य***

## शिक्षासम्बन्धी केही तथ्यहरू

- सन् २००१ को जनगणनाको राष्ट्रिय प्रतिवेदन अनुसार नेपालको राष्ट्रिय साक्षरता दर ५४ प्रतिशत रहेको छ ।
- पुरुष साक्षरता प्रतिशत ६५.५ रहेको छ भने महिला साक्षरता प्रतिशत ४२.५ मात्र रहेको छ ।
- १०० जना नेपाली बालबालिकाहरु मध्ये, ८७ जनाले मात्र विद्यालय भर्नाको अवसर पाउँछन् । तर उनीहरु मध्ये ५८ जनाले मात्र प्राथमिक शिक्षा पूरा गर्ने गर्दछन् ।
- १०० जना बालबालिकामा ८६ जना बालकहरुको दाँजोमा ७४ जना मात्र बालिकाहरु विद्यालय भर्ना हुन्छन् ।
- सन् १९९८ मा १९.२ प्रतिशतका दरले बालबालिकालाई विद्यालय छोड्ने/छोडाउने गरिएको थियो भने सन् २००० मा यसरी बालबालिकालाई विद्यालय छोड्ने/छोडाउने दर १४.५ प्रतिशतमा घटेको पाइएको छ ।
- प्राथमिक तहमा बालबालिकाहरुको विद्यालय भर्ना भर्नादर ८७.४ प्रतिशत पुगको छ ।
- सरकारी र निजी गरी कूल विद्यालय संख्या २८,०२६ पुगेको छ ।
- निम्न माध्यमिक तहमा बालबालिकाहरुको विद्यालय भर्नाको दर ५८ प्रतिशत रहेको छ भने माध्यमिक तहमा ३७ प्रतिशत मात्र रहेको छ ।
- हाल शिक्षक र बिद्यार्थीको अनुपातको कुरा गर्दा तराई र उपत्यकामा एक जना शिक्षकको अनुपातमा ५० जना विद्यार्थी रहेको छ भने पहाडी क्षेत्रमा एकको अनुपातमा ४५ र हिमाली क्षेत्रमा एकको अनुपातमा ४० रहेको छ ।
- नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण अनुसार २०६३ मा ६ वर्ष माथिको साक्षरता दर ६३ प्रतिशत ( महिलाको ५१ प्रतिशत र पुरुषको ७७ प्रतिशत) र १५ वर्ष माथिको साक्षरता दर ५२ प्रतिशत (महिलाको ३८ प्रतिशत र पुरुषको ६९ प्रतिशत) पुगेको छ ।
- नेपालमा ६ देखि १५ वर्षका विद्यालय जाने उमेर समूहका बालबालिकाहरुको संख्या करिव ४१ लाख छ भने तिनीहरुका निम्ति सरकारी र निजी विद्यालय गरी कूल विद्यालयहरुको संख्या ३७ हजार ५६६ रहेको छ ।
- शिक्षाका लागि विश्वव्यापी अभियान नेपालको विद्यालय भर्ना तथा विद्यालय स्वागत कार्यक्रमको प्रभाव स्वरुप शैक्षिक वर्ष २०६२/२०६३ मा अघिल्ला वर्षको तुलनामा ५ लाख भन्दा बढी बालबालिका विद्यालय भर्ना भएका थिए ।

- सामान्यतया शिक्षामा दलित बालबालिकाहरुको सहभागिता प्राथमिक विधालयमा ४० प्रतिशत, माध्यमिक विधालयमा ३० प्रतिशत मात्रै रहेको छ भने १० प्रतिशत मात्रै शारिरीक अपाङ्गता रहेका बालबालिकाहरु साक्षर रहेका छन् ।

*स्रोतः स्थिति प्रतिवेदन, आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रम II, नेपाल सरकार, शिक्षा तथा खेलकूद मन्त्रालय /युनेस्को नेपाल /सिविन /आइ.एल.ओ / नेपाल अपाङ्ग महासंघ / केन्द्रीय तथ्याङ्क विभाग /शिक्षाको लागि विश्व अभियान/जुलाइ,२००६*

---


**सिविन–नेपाल र प्लान नेपालको साझेदारीमा प्रकाशित**

सिविन–नेपाल

प्लान–नेपाल

सम्पर्क ठेगानाः पो.ब.नं. ४३७४, रविभवन, काठमाण्डौ । इमेलःcwinpublication@gmail.com

प्रमुख सल्लाहकार : **सुम्निमा तुलाधर**

सल्लाहकारहरु : माधव प्रधान, तारक धिताल,सुवोध श्रेष्ठ, कुमार भट्टराई, रश्मिला शाक्य

विशेष सहयोग : शुभराज पोखरेल, सूर्यनारायण श्रेष्ठ, अञ्जना प्रधान, दीपेन्द्र पण्डित

**सम्पादकःविमलकुमार थापा**